सन् २००६ को नेपाल जनसांखिक सर्वेक्षण अनुसार नेपालका ५६.५ प्रतिशत पुरुष र १९.६ प्रतिशत महिलाहरुले सूर्तिजन्य पदार्थ सेवन गर्ने गरेको पाईएको छ। सन् २००७ कै तथ्यांक अनुसार १२ प्रतिशत नेपाली किशोर किशोरीहरु धुम्रपान तथा सूर्ति सेवन गर्दछन । जसमा ३५ प्रतिशत किशोर किशोरीरु घरमा अरुले गरेको धुम्रपानबाट पीडित हुने गरेका छन। निकोटिन, टार, कार्बनमनोअक्साइड, लिड, नाईट्रोसोमाईन जस्ता क्यान्सरजन्य ४ हजार भन्दा बढी प्रकारका हानीकारक रासाईनिक पदार्थ भएको सूर्तिजन्य पदार्थले मानव जगतमा क्यान्सर, मधुमेह, मुटुरोग, दमखोकी जस्ता झण्डै २५ वा सो भन्दा बढी प्रकारका रोगहरुलाई निम्त्याउछ जसले मानिसलाई मृत्युको मुखसम्म पुर्‍याउन सक्छ।

धुम्रपान तथा सूर्ति सेवनलाई नसर्ने रोगहरु क्यान्सर, मधुमेह, मुटुरोग, जीर्ण श्वास प्रश्वास रोगहरुको प्रमुख कारक तत्वको रुपमा लिईन्छ। ९० प्रतिशत फोक्सोको क्यान्सर धुम्रपान तथा सूर्ति सेवनको कारणबाट नै हुने कुरा साबित भैसकेकोछ। जसले गर्दा नसर्ने रोगहरुको कारणबाट हुने मृत्युदर बढ्न गई नेपालमा ५१ प्रतिशत पुगेकोछ। धुम्रपान तथा सूर्ति सेवनको कारणबाट क्यान्सर, मधुमेह, मुटुरोग, जीर्ण दम खोकी जस्ता २५ वा सो भन्दा बढी प्रकारका रोगहरु लागेर नेपालमा बर्षेनी १६ हजार भन्दा बढी व्यक्ति हरुको मृत्यु हुने गरेको छ। यस आधारमा धुम्रपान तथा सूर्ति सेवनको कारणले लाग्ने रोगले दैनिक झण्डै ४२ जना र ३० मिनेटमा १ जना नेपालीहरुको ज्यान लिईरहेको अनुमान गरिएको छ। यसले महामारीको रुप लिईरहेकोछ । प्रभावकारी ऐन कानून नै सूर्तिजन्य पदार्थ नियन्त्रणको प्रमुख माध्यम भएको हुनाले नेपाल सरकारले विश्व स्वास्थ्य संगठनबाट प्रतिपादित सूर्ति नियन्त्रण सम्बन्धि अर्न्तराष्ट्रिय महासन्धि (Framework Convention on Tobacco Control - FCTC) मा सन् २००३ मा हस्ताक्षर गर्‍यो । विश्वमा १७४ देशले अनुमोदन गरिसकेको सो महासन्धिलाई सन् २००६ मा नेपालको संसदबाट अनुमोदन भएको थियो । यो ऐनको दफा ९ प्रमाणीकरण भएको मितिले १८०औं दिन अर्थात २०६८।७।१७ देखि प्रारम्भ हुनेछ भने अन्य सबै दफाहरु २०६८।४।२२ देखि प्रारम्भ भएको छ। यो ऐनमा जम्मा २७ वटा दफाहरु रहेका छन । मुख्यत: धुम्रपान तथा सूर्तिजन्य पदार्थको उपभोक्ताहरु लक्षित यो ऐन जनस्वास्थ्यको क्षेत्रमा कोशेढुंगा साबित हुने देखिन्छ । यस ऐनका प्रमुख दफाहरुको रुपमा सार्वजानिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नहुने, उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्‍यापर्स, प्याकेटमा कुल बाहिरी भागको कम्तिमा ७५ प्रतिशत भागमा चेतावनी मूलक सन्देश तथा चित्र उल्लेख गर्नुपर्ने, सूर्तिजन्य पदार्थको बिज्ञापन, प्रबर्द्धन र प्रायोजन कुनै पनि माध्यमबाट गर्न नपाइने, १८ बर्ष मुनिका व्यक्ती र गर्भवतीलाई सूर्तिजन्य पदार्थ बिक्री गर्न नपाइने, ऐन उल्लंघन गर्ने व्यक्तिलाई दण्ड सजाय र स्वास्थ्य कर कोषको व्यवस्था रहेका छन।

यो ऐनमा उत्पादकले चुरोट, बिडी र खैनीको बट्टा तथा पाकेटको बाहिरी कुल भाग मध्ये कम्तीमा ७५ प्रतिशत भागमा "सूर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ " भन्ने जस्ता व्यहोरा सहित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके अनुसार सूर्तिजन्य पदार्थ सेवनका कारण भएका घातक असरको रंगीन चित्र प्रष्ट रुपमा बुझ्ने र देखिने गरी छाप्नु तथा अंकित गर्नुपर्ने उल्लेख भएकोछ । चुरोट, बिडी र खैनीको बट्टा तथा पाकेटको बाहिरी भागमा राखिने चित्रात्मक चेतावनीमूलक सन्देश तमाम नेपाली जनता खास गरी नेपालका ५० प्रतिशत भन्दा बढी धुम्रपान तथा सूर्ति सेवनकर्ता निरक्षर जनतालाई क्यान्सर, मधुमेह, मुटुरोग र दमखोकी लाग्नबाट बचाउन जनचेतना अभिवृद्धि गर्ने अत्यन्त प्रभावकारी माध्यम हुनेछ। यस अवस्थामा चुरोट, बिडी र खैनीको बट्टामा नेपाली भाषामा चित्र सहित राखिने स्वास्थ्य सन्देश अत्यन्त प्रभावकारी हुन्छ । यो जति ठुलो आकारमा भयो त्यति सूर्तिजन्य पदार्थको हानिकारक असरबारे जनचेतना जगाउन प्रभावकारी हुन्छ। चुरोट, बिडी र खैनीको बट्टा तथा पाकेटमा यस्तो सन्देश र चित्र उद्योगहरुले नै चुरोट, बिडी र खैनीको पाकेट छपाई गर्दा त्यस्तो सन्देश र चित्र छपाई गर्नुपर्ने हुन्छ। तसर्थ यस्तो प्रभावकारी, नि:शुल्क, शिक्षा तथा चेतनामूलक माध्यमलाई कार्यान्वयन गर्न सबै पक्षबाट सकारात्मक र सक्रिय सहयोग हुनु आवश्यक छ।

यो ऐनले विदेशी ब्राण्डका चुरोट, बिडी र खैनी आयात गर्दा पनि त्यस्तो आयात गरिने चुरोट, बिडी र खैनीको बट्टा वा पाकेटको कम्तीमा ७५ प्रतिशत भागमा "सूर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छ" भन्ने जस्ता सन्देश र चित्र उल्लेख भएको हुनुपर्ने व्यवस्था गरी चित्रात्मक सन्देशलाई प्राथमिकता दिएको छ। जुन अहिलेको अवस्थामा पहिलो उरुग्वे(८०प्रतिशत) पछि नेपाल चेतावनी मूलक सन्देश र चित्र ठुलो(कम्तीमा ७५ प्रतिशत भागमा) छाप्ने विश्वको दोस्रो देश र दक्षिण एसियाको पहिलो देश हुन गएकोछ।

त्यसैगरी यस ऐनले सूर्तिजन्य पदार्थको बिज्ञापन, प्रबर्द्धन र प्रायोजन हुने गरी कुनै पनि प्रकारका संचार माध्यमहरुमा प्रचार प्रसारमा पूर्ण रुपमा रोक लगाउने व्यवस्था गरेको छ। यस प्रावधानले बालबालिका, किशोर किशोरी, महिला आदी लाई सूर्तिसेवनको शिकार हुनबाट प्रत्यक्ष रुपमा बचाउछ। ऐनको यो प्रावधान अत्यन्त जनहितपरक छ किनकी यस्तो मानब संहार मन्दविष धुम्रपान तथा सूर्तिजन्य पदार्थको प्रचार प्रसार गर्नु कति उपयुक्त होला ?

यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न निरीक्षकको व्यवस्था तथा उल्लङ्घन गरेमा पाँच हजार देखि एकलाख रुपैयाँसम्म जरिवाना गर्न सकिने प्रावधान छ। यस ऐनमा नेपाल सरकारले धुम्रपान तथा सूर्तिजन्य पदार्थको नियन्त्रण तथा यसको उपभोगबाट उत्पन्न रोगको रोकथाम र उपचारको लागि स्वास्थ्य कर कोषको स्थापना गर्नेछ भन्ने प्रावधान राखेको छ। यसले गर्दा धुम्रपान तथा सूर्ति सेवनको कारणबाट पीडित गरीब रोगीहरुको उपचारमा सहयोग पुग्ने कुरामा दुईमत छैन र हामीलाई पूर्ण विश्वास छ की स्वास्थ्य कर कोषमा सम्पूर्ण रुपमा सूर्तिजन्य पदार्थबाट संकलित कर जानेछ र उक्त कर पूर्ण रुपमा सूर्तिजन्य पदार्थ नियन्त्रण कार्यक्रमहरु एवं गरीब र असहाय बिरामीहरुको उपचारार्थ खर्च हुनेछ।

**"सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८"**

**ऐनले व्यबस्था गरेका केही प्रमुख प्राबधानहरु:**

**सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नहुने :**

देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछ :

(क)राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय,

(ख)शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन,

(घ)बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "कार्यस्थल" भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ।

(छ)चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला,

(ज)होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्राबास तथा अतिथी गृह,

(झ)रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ)डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर।

मथि उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र सम्बेदनशीलता लाई विचार गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ।

**सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न नहुने :**

(१) कसैले पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्ति सेवन गर्न पाउने छैन।

(२) व्यवस्थापकले कारागार, विमानस्थल वा पर्यटकीय स्तरको होटलको कनै खास ठाउँमा अन्य व्यक्तिलाई प्रतिकुल असर नपर्ने गरी धुम्रपान तथा सूर्तिजन्य पदार्थ सेवन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ। यस बमोजिम धुम्रपान तथा सूर्ति सेवनको लागि छुट्याइएको ठाउँमा कायम गर्नु पर्ने आधारभूत कुराहरु तोकिए बमोजिम हुनेछन्।

**सूचना टाँस गर्नु पर्ने**

व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार बिभिन्न ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ।

**यस दफा बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ।**

**घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुने** : कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरि घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुदैन।

**(१) कसैले यस ऐन बिपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ।**

(क)धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिवाना वा दुवै सजाय गर्नु पर्ने,

(ख)धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारवाही गर्नु पर्ने।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारवाही गर्नु पर्नेछ।

(३) व्यवस्थापकले जरिवाना वापत लिएको रकम राजश्व खातामा

जम्मा गर्नु पर्नेछ।

(४) व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहाय बमोजिम सजाय गर्नु पर्नेछ:

**सूर्तिजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण**

**विज्ञापन तथा प्रायोजन गर्न नपाइने:**

उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम, ईन्टरनेट, ईमेल जस्ता विधुतिय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ बोर्ड, भित्तेलेखन, लोगो, संकेत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा गराउन कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन।

**यस दफा विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।**

**बिक्री वितरण तथा प्रदर्शनमा बन्देज:**

(१) कसैले पनि १८ वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलाहरुलाई सूर्तिजन्य पदार्थ बिक्री तथा वितरण गर्न लगाउन वा निशुःल्क उपलब्ध गराउन पाउने छैन।

(२) माथि बमोजिमको प्रायोजनको लागि सूर्तिजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसंग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिडि वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ।

(५) कसैले पनि निशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन।

(६) नेपाल सरकारले चाहेमा सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न इजाजत लिनुपर्ने व्यवस्था गर्न सकिनेछ।

(७) कसैले पनि सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन।

**यस दफा विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।**

**निरीक्षक सम्बन्धी व्यवस्था:**

(१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ।

(२) निरीक्षकले वर्षभरिमा आफूद्वारा गरिएको कामको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**निरीक्षण गर्न सक्ने:**

(१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ।

(२) निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धुम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ।

(३) निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ।

**१४. व्यवस्थापकले निरीक्षण गर्नु पर्ने:**

(१) व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धुम्रपान वा सूर्ति सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ।

(२) निरीक्षण गर्दा कसैले धुम्रपान वा सूर्ति सेवन गरको देखिएमा व्यवस्थापकले धुम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धुम्रपान वा सूर्ति सेवन गर्नबाट तुरुन्त रोक लगाउनु पर्नेछ।

(४) व्यवस्थापकले धुम्रपान वा सूर्ति सेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ।

**अनुसन्धान तथा तहकिकात:**

व्यवस्थापकले सार्वजनिक स्थलमा धुम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पुरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ।

**मुद्दा दायर गर्ने:**

माथि उल्लेख गरिए बमोजिम गरिएको अनुसन्धान तथा तहकिकात बाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ। मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी बकीलको राय लिनु पर्नेछ।

नेपाल अर्बुद रोग निवारण संस्था सम्पूर्ण सम्बन्धित निकायहरुलाई यस ऐनको प्रभावकारी कार्यान्वयनमा आआफ्नो क्षेत्रबाट सहयोग एवं समन्वय गरिदिनुहुनको निम्ति हार्दिक अनुरोध गर्दछ। साथै संस्थाको नेपाल राष्ट्रलाई सन् २०२० सम्ममा सूर्ति मुक्त राष्ट्र बनाउने उदेश्यलाई पुरा गर्न यहाँहरु सबैको साथको अपेक्षा गर्दछ। धन्यवाद।


## नेपाल अर्बुद रोग निवारण संस्था

बालकुमारी, ललितपुर, फोन:५२०२६६६, फ्याक्स:५२०१४५५

ईमेल : *ncrscenter@hotmail.com, Website: www.ncrs.org.np*




# 'सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन २०६८'

**नेपाल अर्बुद रोग निवारण संस्थाको धुम्रपान त्याग परामर्श टेलिफोन सेवा**

**क्वीट लाईन (Quit-Line): ५२०१२००**

**बिहान ११ बजेदेखि ( बेलुकी ६ बजेसम्म**

**नोटिस बोर्ड सेवा : १६१८-०१-५२०१४५५**